# आर्थिक वर्ष २०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन

## १. कार्यक्रमको पृष्ठभूमि

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई पारदर्शी, उत्तरदायी र जनउत्तरदायी बनाउने उद्देश्य लिएको छ । यसै सन्दर्भमा स्थानीय तहबाट सञ्चालन गरिएका योजना, कार्यक्रम र सेवा प्रवाहको अवस्थाबारे प्रत्यक्ष रूपमा जनतासँग संवाद गर्ने प्रभावकारी माध्यमको रूपमा सार्वजनिक सुनुवाइ कार्यक्रमलाई लिइन्छ । सार्वजनिक सुनुवाइमार्फत नागरिकले आफ्ना जिज्ञासा, गुनासा, सुझाव तथा अपेक्षा व्यक्त गर्ने अवसर पाउँछन् भने जनप्रतिनिधि तथा कर्मचारीहरूले नागरिकप्रति उत्तरदायित्व निर्वाह गर्ने अवसर प्राप्त गर्दछन् ।




यसै उद्देश्यअनुसार सुनछहरी गाउँपालिकाको आयोजनामा आर्थिक वर्ष २०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सुनछहरी गाउँपालिका वडा नं. ४, सिउरीमा आयोजना गरिएको थियो । कार्यक्रममा वडा तथा गाउँपालिकाबाट चालु चौमासिक अवधिमा सम्पन्न तथा सञ्चालनमा रहेका योजना, बजेट कार्यान्वयन, सेवा प्रवाहको अवस्था, सुशासन तथा विकास निर्माणका विषयमा खुला रूपमा छलफल गरिएको थियो । स्थानीय बासिन्दाको सक्रिय सहभागिताले कार्यक्रमलाई अझ प्रभावकारी र उपलब्धिमूलक बनाएको देखियो ।



२. **कार्यक्रमको उद्देश्य**

१) गाउँपालिकाबाट प्रदान गरिँदै आएका सेवा तथा विकास कार्यक्रमबारे नागरिकलाई जानकारी गराउनु
२) नागरिकबाट प्राप्त प्रश्न, गुनासा तथा सुझाव सङ्कलन गर्नु
३) जनप्रतिनिधि र नागरिकबीच प्रत्यक्ष संवाद र विश्वासको वातावरण सिर्जना गर्नु
४) सेवा प्रवाहमा देखिएका समस्या पहिचान गरी सुधारका उपाय खोज्नु
५) स्थानीय शासन प्रणालीलाई पारदर्शी, सहभागितामूलक र उत्तरदायी बनाउनु




**३. कार्यक्रमको मिति, स्थान र आयोजक**

आर्थिक वर्ष २०८२ को प्रथम चौमासिक अवधिमा आयोजना गरिएको उक्त सार्वजनिक सुनुवाइ कार्यक्रम सुनछहरी गाउँपालिकाको आयोजनामा सुनछहरी गाउँपालिका वडा नं. ४, सिउरीमा यहि मिति २०८२।०८।१४ गते सम्पन्न गरियो । कार्यक्रम वडा नं. ४ का स्थानीय नागरिकहरूको सक्रिय सहभागितामा सफलतापूर्वक सञ्चालन गरिएको थियो ।

**४. कार्यक्रमको अध्यक्षता, सञ्चालन तथा सहजिकरण**

कार्यक्रमको अध्यक्षता सुनछहरी गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर पुन मगरज्यूले गर्नुभएको थियो । कार्यक्रम सञ्चालन वडा सचिव श्री खड्क बहादुर गाहा मगरज्यूले गर्नुभएको हो भने छलफललाई प्रभावकारी, निष्पक्ष र व्यवस्थित बनाउन मालाश्री रेडियोका पत्रकार श्री गणेश के.सी.ज्यूले सहजिकरण गर्नुभएको थियो ।

**५. सहभागीहरूको विवरण (प्रश्नकर्ता र उत्तरदाता पक्ष)**

कार्यक्रममा प्रश्नकर्ता पक्षका रूपमा सुनछहरी गाउँपालिका वडा नं. ४ सिउरीका सर्वसाधारण नागरिक,राजनीतिक दलका प्रतिनिधि, टोल विकास समितिका अध्यक्ष तथा प्रतिनिधि, आमा समूहका अध्यक्ष तथा प्रतिनिधि, युवा क्लब तथा समूहका प्रमुख एवं प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । उत्तरदाता पक्षका रूपमा गाउँपालिका अध्यक्ष श्री धन बहादुर पुन मगर, उपाध्यक्ष श्री ननकला घर्ति मगर, प्रमुख प्रशासकीय अधिकृत श्री प्रेम बहादुर घर्ति, वडा अध्यक्ष श्री हर्कराम बुढा मगर, वडा सदस्यहरू साथै विभिन्न शाखा प्रमुखहरू, प्रेस संयोजक तथा अन्य सरोकारवाला व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

**६. कार्यक्रमको प्रक्रिया तथा छलफलको अवस्था**

कार्यक्रम अतिथि आसन ग्रहण र स्वागत मन्तव्यबाट सुरु भई प्रवाह भइरहेका सेवा, विकास योजना, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगार, योजना तथा बजेट कार्यान्वयनको अवस्थाबारे जानकारी वडा सचिव खड्क बहादुर गाहा मगर र गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत प्रेम बहादुर घर्ती मगरले प्रस्तुत गरिएको थियो। त्यसपछि नागरिकहरूले आफ्ना प्रश्न, गुनासा र सुझावहरू राखेका थिए। उठाइएका जिज्ञासाहरूमा सम्बन्धित पदाधिकारी तथा शाखा प्रमुखहरूले स्पष्ट र तथ्यपरक जवाफ दिएका थिए। छलफल समग्रमा सौहार्दपूर्ण, सहभागीमुखी र उद्देश्यअनुरूप रहेको पाइयो।

**७. उठाइएका प्रमुख प्रश्न, गुनासा तथा सुझावहरू**



कार्यक्रममा सडक, खानेपानी, स्वास्थ्य सेवा, शिक्षा सुधार, सामाजिक सुरक्षा भत्ता, रोजगारीका अवसर, योजना छनोट तथा कार्यान्वयनमा पारदर्शिता, समयमै सेवा प्रवाह तथा सूचनाको पहुँच सम्बन्धी विषयमा नागरिकहरूबाट प्रश्न तथा गुनासा उठाइएका थिए। साथै आगामी दिनमा योजनाहरू समानुपातिक रूपमा वितरण गर्न, सेवाग्राहीमैत्री सेवा प्रणाली विकास गर्न र सूचना प्रवाहलाई अझ प्रभावकारी बनाउन सुझावहरू प्रस्तुत गरिएका थिए।

**८. निष्कर्ष, उपलब्धि तथा सिफारिस**




सार्वजनिक सुनुवाइ कार्यक्रमले गाउँपालिका र नागरिकबीच प्रत्यक्ष संवादको माध्यम सुदृढ गर्दै आपसी विश्वास र पारदर्शिता अभिवृद्धि गरेको निष्कर्ष निकाल्न सकिन्छ। कार्यक्रमबाट प्राप्त प्रश्न, गुनासा र सुझावहरूलाई आगामी योजना तर्जुमा तथा सेवा सुधारमा समेट्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यस किसिमका सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता

दिनुका साथै उठाइएका विषयहरूको नियमित अनुगमन र कार्यान्वयन गर्न सिफारिस गरिन्छ ।

**पेश गर्ने**

खड्क बहादुर गाहा मगर

वडा सचिव

मिति:२०८२/०८/१४